त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

# B.Sc. पुनः प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा वार्षिक परीक्षा प्रणाली अनुसार पठनपाठन हुने विज्ञानतर्फ चार वर्षे स्नातक तह (B.Sc.) २०८३ मा भर्ना हुन विभन्न कारणले छुट भएका विद्यार्थीहरुको माग बमोजिम पुनः प्रवेश परीक्षा सञ्चालन गर्न, यो पुनः प्रवेश परीक्षा कार्यक्रम प्रकाशित गरिएको छ । आवेदन अनलाइन माध्यमबाट मात्र निम्नानुसारले गर्नुपर्नेछ ।

**पुनः प्रवेश परीक्षासम्बन्धी कार्यक्रम**

**१ प्रवेशका लागि न्यूनतम योग्यता :**

(क) माध्यामिक शिक्षा १२ (विज्ञान) वा प्रविणता प्रमाणपत्र तह (I.Sc.) वा सो सरहको परीक्षामा कम्तीमा १०० पूर्णाङ्कको अङ्ग्रेजी विषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(अ) Biological Group मा अध्ययन गर्न चाहनेका लागि **रसायनशास्त्र र बायोलोजी** विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तिमा दोस्रो श्रेणी वा **दुबै विषयको Final Grade C ल्याई उतीर्ण भएको हुनुपर्नेछ** । अन्य विषयहरू उत्तीर्ण भई कम्तिमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) Physical Group मा अध्ययन गर्न चाहनेका लागि **भौतिकशास्त्र र गणित** विषयमा २००/२०० पूर्णाङ्क लिई कम्तीमा दोस्रो श्रेणी वा दुबै विषयको **Final Grade C ल्याई उतीर्ण** भएको हुनुपर्नेछ । अन्य विषयहरू उत्तीर्ण भई कम्तिमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) A Level अध्ययन गर्नेको हकमा

(अ) Biological Group मा अध्ययन गर्न चाहनेका लागि **रसायनशास्त्र र बायोलोजी** विषयमा **दुबै विषयको Final Grade D** (with or without small letter) **ल्याई उतीर्ण भएको हुनुपर्नेछ** । अन्य विषयहरू उत्तीर्ण भई कम्तिमा **Grade** E प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(आ) Physical Group मा अध्ययन गर्न चाहनेका लागि **भौतिकशास्त्र र गणित** विषयमा दुबै विषयको **Final Grade D** (with or without small letter) **ल्याई उतीर्ण** भएको हुनुपर्नेछ । अन्य विषयहरू उत्तीर्ण भई कम्तिमा **Grade E** प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) नेपाल सरकार राष्ट्रिय परीक्षा बोर्ड बाहेकका अन्य संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेस गर्नुपर्ने छ ।

**२. फाराम भर्ने समयः**

विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https://iost.tu.edu.np/ मा राखिएको प्रवेश परीक्षाको Online आवेदन फाराम **२०८३।६।२० गते देखि मिति २०८३।७।२७ गतेसम्म** मात्र उपलब्ध हुनेछ । तोकिएको समय पश्चात Online फारम स्वतः बन्द हुनेछ ।

**३. फाराम शुल्कः**

प्रवेश परीक्षा शुल्क वापतको रकम रु.२२००/- (दुई हजार दुई सय मात्र) नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खाता जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ । साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Website मा दिइएको app तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ । Online फारम भर्दा बैंकको

भौचर नम्वर वा Transaction ID number/Product ID अनिवार्य रुपमा भर्नुपर्नेछ । **परीक्षा शुल्क बापत बुझाएको रकम फिर्ता हुने छैन ।**

४. **प्रवेश परीक्षा हुने मिति र समय** : २०८३।८।२ गते बुधबार बिहान ८:०० बजे

५. **प्रवेश पत्र वितरण:** २०८३।७।३० गतेबाट वेबसाइटबाटै डाउनलोड गर्न सकिनेछ ।

६. **परीक्षा केन्द्र** : पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं ।

७. **प्रवेश परीक्षा सम्वन्धी अन्य जानकारी :**

- विद्यार्थीहरूले आवेदन फाराम भर्दा +2 वा सो सरह को परीक्षामा यस अध्ययन संस्थानबाट यस अघिको प्रवेश परीक्षामा तोकिएको सम्पूर्ण प्रक्रियाहरू पूरा गरेको हुनुपर्नेछ र सोको कागजातहरू अनिवार्य रुपले पेस गर्नुपर्नेछ ।
- आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरू तथा Upload गर्नुपर्ने सामाग्रीहरू सहित Submit गर्नुपर्नेछ । आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सकिप्ट, मार्कसिट, समकक्षता प्रमाणपत्र इत्यादि आवेदकको हस्ताक्षर तथा MRP Standard फोटो लगायतका सामग्रीहरू तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।
- धमिलो, पढ्न नमल्ने Documents मान्य हुनेछैनन् ।
- Online बाट परीक्षा फारम भरी Submit गरिसकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

मिति : २०८३।०६।१९

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

सहायक डीन